यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वैदौली, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

पत्र संख्या :-२०७४/७५
चलानी नम्वर :-

मिति : २०७५/०१/०५

सुचना ॥ सुचना ॥ सुचना ॥

**प्रथम पटक प्रकाशित मिति : २०७५/०१/०९**

यस कार्यालय अन्तर्गतको पशु सेवा शाखाको आ.व. ०७४/७५ को स्वीकृत कार्यक्रम अनुसार सहकार्य/साझेदारीमा ५० प्रतिशत अनुदानमा तपशिल अनुसारको कार्यक्रम संचालन गर्न इच्छुक फार्म, संस्था, समुह, सहकारी र व्यक्तिहरुले तपशिलको कागजात संलग्न गरी प्रथम पटक सुचना प्रकाशित मितिले १५ दिन भित्र यस कार्यालयका पशु सेवा शाखामा आवेदन दिनुहुन सम्वन्धित सबैमा जानकारी गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयको पशु सेवा शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ ।

कार्यक्रमहरु :

- गाई/भैसीको गोठ सुधार(युवा लक्षित) साना फार्म कार्यक्रमको लागि प्रति फार्म रु.५०,०००।- (पचास हजार मात्र) दरले ८ वटा फार्मलाई
- गाई/भैसीको गोठ सुधार(युवा लक्षित) साना किसानको लागि प्रति कृषक रु. १००००।- (दश हजार मात्र) दरले १६ वटा कृषकलाई ।

संलग्न गर्नु पर्ने कागजातहरु : **(साना फार्मको लागि )**

- परियोजनको संक्षिप्त कार्ययोजना
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- व्यवसाय फार्म दर्ता भएको प्रमाणको प्रतिलिपि
- परियोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता
- वैदेशिक रोजगारबाट फर्केको पासपोर्टको प्रनिलिपि
- अन्य प्रमाणपत्र शैक्षिक योग्यताको प्रमाणपत्र
- आवेदन दस्तुर रु३००। को सक्कल रसिद

**(साना कृषकको लागि )**

- कम्तिमा २/२ वटा दुहुना गाई/भैंसी पालेको हुनुपर्ने
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- परियोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता
- आवेदन दस्तुर रु१००।- को सक्कल रसिद

**नोट :**

- नेपाल सरकारबाट एकपटक पनि अनुदान नपाएकोलाई प्राथमिकता दिइने छ ।
- वैदेशिक रोजगारबाट फर्कि व्यवसाय गरेकोलाई प्राथमिकता दिईने छ ।
- प्राप्त आवेदनहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा रहने छ ।

यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

पत्र संख्या :-२०७४/७५

चलानी नम्बर :-

मिति : २०७५/०१/०५

सुचना ॥ सुचना ॥ सुचना ॥

आज मिति २०७५/०१/०९ गतेको यस यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत पशु सेवा शाखाका स्वीकृत आ.व. ०७४/०७५ अनुसार च्यापकटर अनुदान कार्यक्रम रहेको हुँदा तपशिलका मापदण्ड भएका कागजातहरु प्रकाशित सुचनाको मिति देखि १५ दिन भित्र निवेदन सहित अन्य कागजातहरु पेश गर्नु हुन जानकारी गराइन्छ ।

**तपशिल:**

- नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपि ।
- फार्म वा कृषकको कम्तीमा १० वटा गाई वा भैंसी हुनु पर्ने ।
- निवेदन सहित रु.१००।- को नगदी रसीदको सक्ल पेश गर्नुपर्ने ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- अन्य कुरा बुझ्न परेमा यस कार्यालयको पशु सेवा शाखा बैदौली, क.ब.मा कार्यालय समय भित्र सम्पर्क राख्नु होला ।

नोट :

- नेपाल सरकारबाट एक पटक पनि अनुदान नपाएकालाई प्राथमिकता दिईने छ ।
- बैदेशिक रोजगारबाट फिर्कि व्यवसाय गरेकोलाई प्राथमिकता दिईने छ ।
- प्राप्त आवेदनहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा रहने छ ।
- माथी लेखिएका कागजातहरुको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

०७५/०१/०५

प्रमुख प्रशासकिय अधिकृत